

विपद्‌बाट सुरक्षित समुदायका लागि
प्राविधिक सहायता कार्यक्रम

# मेरो सुरक्षित गाउँ

# My Village is Resilient

आर्थिक सहयोग:
अमेरिकी सहायता नियोग (USAID/BHA)
कार्यान्वयन गर्ने संस्था:
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET)

## पृष्ठभूमि

नेपालमा भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी लगायत बिभिन्न खालका प्रकोपहरूबाट पटकपटक ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । हाम्रा समुदायहरूलाई प्रकोपहरूबाट सुरक्षित राख्न र सम्भावित जनधनको क्षति कम गर्नका लागि व्यवस्थित ढङ्गले विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका प्रणाली र विधिहरू अपनाउनुपर्दछ। नगरपालिका क्षेत्रहरुमा केही प्रयासहरू कार्यान्वयन भए तापनि गाउँपालिका क्षेत्रमा व्यवस्थित ढङ्गले जोखिम न्यूनीकरणका प्रयास हुन नसकेको अवस्था छ । यसै तथ्यलाई आत्मसात गरेर भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) ले गाउँपालिकाका लागि विपद् जोखिम न्यूनीकरण नमूना कार्यका रुपमा उत्थानशील समुदायको लागि प्राविधिक सहायता विपद्‌बाट सुरक्षित समुदायका लागि प्राविधिक सहायता कार्यक्रम "मेरो सुरक्षित गाउँ" Technical Support for Resilient Community (TESREC) कार्यक्रम सञ्चालन गरिरहेको छ । यो कार्यक्रम नेपालको ७ वटा गाउँपालिकाहरुमा सन २०१९ देखि २०२१ सम्म कार्यान्वयन भइरहेको छ। यो कार्यक्रम अमेरिकी सहायता नियोग (USAID/BHA) को आर्थिक सहयोगमा सञ्चालित छ । यस कार्यक्रमले भवन निर्माण संहिताको प्रभावकारी कार्यान्वयन गरी उत्थानशील समुदायको नमूना गाँउ विकास गर्ने लक्ष्य राखेको छ । यस प्रयासबाट प्राप्त सिकाइ र अनुभवले भविष्यमा अन्य गाउँपालिकाहरुमा उत्थानशील समुदाय निर्माणको लागि काम गर्ने तरिका र आधार तयार हुनेछ।

**लक्ष्य :** नेपालको ग्रामीण समुदायहरुलाई विपद् उत्थानशील बनाउनु नै "मेरो सुरक्षित गाउँ" कार्यक्रमको मुख्य लक्ष्य हो ।

**उद्देश्य :** सुरक्षित भवन निर्माण पद्धति र विपद् पूर्वतयारी मार्फत समूदायलाई विपद्‌बाट सुरक्षित (उत्थानशील) बनाउने नमूना कार्यमा सहयोग पुराउनु यो कार्यक्रमको उद्देश्य रहेको छ ।

## कार्यक्रमका कार्यक्षेत्रहरु :

यस कार्यक्रममा मुख्य दुई खण्डहरु रहेका छन् । पहिलो, गाँउपालिकाहरुमा सुरक्षित भवन तथा पूर्वाधारहरुको निर्माणका लागि आवश्यक प्रणाली स्थापना गर्ने हो र दोस्रो विपद् उत्थानशील नमूना वस्ती विकास गर्ने रहेका छन्। यसका लागि कार्यक्रमले ३ वटा कार्यक्षेत्र पहिचान गरेको छ:
(१) गाँउपालिकाहरुमा सुरक्षित भवन तथा पूर्वाधार निर्माणको सुनिश्चितता गर्ने, (२) बहुप्रकोपीय जोखिम नक्शाङ्कन गर्ने र (३) विपद् पूर्वतयारी गर्ने ।




## प्राथमिकता :

कार्यक्रम सञ्चालनको अवधिमा निम्न पक्षलाई जोड दिइनेछ।

- विपद् जोखिम न्यूनीकरणको लागि संस्थागत पद्दतिको स्थापना र सुशासन ।
- सचेतना र क्षमता अभिवृद्धि ।
- मुख्य निकाय र सरोकारवालाहरु सँग सहकार्य र समन्वय ।
- स्थानीय क्षमताको उपयोग/समुदायसँग अन्तरक्रिया ।
- समाजका अगुवाहरुसँग सहकार्य ।
- निजी घर देखि सिंगो बस्तीसम्मको विपद् सुरक्षा प्रवर्द्धन ।
- भवन संहिता कार्यान्वयनलाई विपद् जोखिम व्यवस्थापन योजना र कार्यान्वयनमा समाहित गर्ने ।
- कमजोर संरचनाहरुको प्रबलीकरण गर्ने प्रक्रिया स्थापित गर्न सहयोग ।
- सञ्चार अभियान ।
- स्थानीय श्रोत व्यवस्थापन ।

- भवन संहिता र विपद् जोखिम न्यूनीकरणमा काम गरिरहेका अन्य संस्थाहरुसँग समन्वय ।
- विपद् जोखिम न्यूनीकरणमा काम गरिरहेका विश्व स्तरीय संघसंस्थाहरुसँग सहकार्य स्थापना ।

## यो कार्यक्रम सञ्चालन भएपछि निम्न परिणाम निस्कने अपेक्षा गरिएको छ :

- ७ वटा गाउँपालिकाहरमा विपद् जोखिममा आधारित योजना निर्माण र भवन निर्माण संहिता लागू गर्न संस्थागत प्रणाली तथा प्रक्रिया स्थापित हुनेछन् ।
- ३ वटा समूदाय नमुना विपद् उत्थानशील समुदायको रुपमा विकसित हुनेछन् ।
- प्रकोप लेखाजोखा र नक्शाङ्कन, विपद् पूर्वतयारी, जोखिममा आधारित योजना निर्माण प्रक्रिया लगायतका बिषयमा १५ वटा दस्तावेज तयार हुनेछन् ।

## यो कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुबाट विभिन्न व्यक्ति र संस्था लाभान्वित हुनेछन् :

- लक्षित गाउँपालिकाहरुबाट विभिन्न व्यक्तिहरु तालिम, अभिमुखीकरण, कार्यशाला, बैठक, सञ्चार तथा प्रकाशनबाट प्रत्यक्ष लाभान्वित हुनेछन् ।
- प्राविधिक र निर्माणकर्मीहरुले सुरक्षित भवन निर्माण सम्बन्धी तालिम प्राप्त गर्नेछन् ।
- समुदायमा रहेका विपद् स्वयंसेवकहरुले बहुप्रकोप जोखिम लेखाजोखा सम्बन्धी तालिम प्राप्त गर्नेछन् ।
- समुदायमा रहेका स्वयंसेवकहरुले आपत्कालीन प्राथमिक स्वास्थ्य प्रतिकार्य र खोज तथा उद्दार सम्बन्धी तालिम प्राप्त गर्नेछन् ।
- घरधनी, सामाजिक-राजनीतिक अगुवा, स्वयंसेवक लगायत व्यक्तिहरु विपद् सुरक्षित निर्माण र उत्थानशील समुदाय सम्बन्धी अभिमुखीकरणमा सहभागी हुनेछन् ।
- सचेतना, बैठक, कार्यशाला र अन्य कार्यक्रमहरुबाट समुदायहरु लाभान्वित हुनेछन् । सचेतनाका कार्यक्रममा कम्तिमा पनि २०% महिलाको सहभागिता रहनेछ ।
- लक्षित गाउँपालिकाका समुदायहरू रेडियो कार्यक्रम, नीति निर्माण तर्जुमा जस्ता कार्यक्रमबाट अप्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

## भौगोलिक क्षेत्र

यो कार्यक्रम तल नक्शामा देखाए बमोजिम ७ वटा गाउँपालिकाहरुमा कार्यान्वयन भएको छ ।




थप जानकारीको लागि कृपया हामीलाई सम्पर्क गर्नुहोस् ।


भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी, ललितपुर महानगरपालिका-२५, नेपाल, पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२, इ-मेलः nset@nset.org.np, वेब साइटः www.nset.org.np